# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।०४ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-------------------------------------------------

जिल्ला कपिलवस्तु, यशोधरा गाउँपालिका वडा नं.३ स्थित श्री कृष्ण धार्मिक मा.वि. बसन्तपुरका विद्यालय व्यवस्थापन समितिका सदस्य बिजयनाथ चौवेले विद्यालयमा विज्ञापन गरिएको अंग्रेजी विषयको मा.वि. अनुदान शिक्षक दरबन्दीमा शिक्षक नियुक्ति गराइदिने प्रयोजनको लागि घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज बिजयनाथ चौवेलाई सेवाग्राहीसँग रु.१,००,०००।-(एक लाख) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज विद्यालय व्यवस्थापन समितिका सदस्य बिजयनाथ चौवेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.१,००,०००।-(एक लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
सह-सचिव एवं प्रवक्ता